माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आज मिति २०७७ साल कार्तिक २७ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।

**प्रस्तावहरु**

१. लैङ्गिक हिंसा निवाकरण कोष (संचालन) नियमावली २०७७ सम्बन्धमा ।

२. ट्याक्टर संचालन सम्बन्धि कार्यविधि, २०७७ सम्बन्धमा ।

३. माण्डवी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०७७ सम्बन्धमा ।

४. दिपावली लगायतका पर्व लक्षित सास्कृतिक कार्यक्रम सम्बन्धमा ।

५. DPR निर्माण सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०७७ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा संचालनमा रहेको ट्याक्टरलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि ट्याक्टर संचालन सम्बन्धि कार्यविधि, २०७७ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा नेपालको संविधानले गरेको व्यवस्था अनुसार नगर (गाउँ) प्रहरी राख्न सक्ने व्यवस्था अनुसार गाउँ प्रहरीको संचालन, व्यवस्थापन, काम कर्तव्य अधिकार सहितको माण्डवी गाउँपालिकाका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिका समेत हिन्दुहरुको पर्व दिपावली, छड लगायतका सांस्कृतिक पर्वहरुको सर्न्दभमा, कोभिड ( ज्ञढ रोगको बढ्दो संक्रमणलाई मध्यनजर गर्दै रोगको संक्रमणलाई फैलन नदिनका लागि चार्डपर्वका अवसरमा हुने सभा, भेला , मैलो लगायतका कुनै पनि कार्य नगर्ने गरि वडा कार्यालयहरुवाट सूचना प्रवाह गरि नियन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च. नं. २०८ मिति २०७७/०६/१८ गतेको प्राप्त पत्रानुसार १५ शैयाको अस्पताल निर्माणका लागि माण्डवी गाउँपालिकामा भवन निर्माणका लागि रु. १. करोड निकासा भएको छ । भवन निर्माणका लागि भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन/ नियमावली बमोजिम गर्ने गरि तत्कालै म्एच तयार गरि भवन निर्माणको कार्य अगाडी बढाउने निर्णय गरियो ।

प्रमाणित गर्ने
शिशिर ... न्याल
प्रमुख प्रशासकीय अधिकृत